# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## एसिसिए यूके (ACCA, UK) विषय छुट सम्बन्धि कार्यविधि, २०७१

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २६ मा विदेशी लेखा व्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र तालीम प्राप्त गरेको व्यक्तिले त्यस्तो परीक्षा र तालिमको मान्यताको लागि संस्थामा दरखास्त दिएमा परिषदले त्यस्तो परीक्षा र तालीमलाई मान्यता दिने नदिने सम्बन्धमा निर्णय गर्ने र सोको मान्यता दिनु भन्दा अगावै दरखास्तवालाले कुनै शर्त पुरा गर्नुपर्ने परिषदले ठहराएमा त्यस्तो शर्त समेत तोकि दिनु पर्ने व्यवस्था रहेकोले एसिसिए युके को परीक्षा पास गरि उक्त संस्थाको सदस्यता हासिल गरेका व्यक्तिले यस संस्थाको अन्तिम तह (CAP III) को परीक्षामा सामेल भई सो परीक्षा उत्तीर्ण भएमा निजलाई यस संस्थाको सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकोले सो प्रकृयालाई नियमित तथा व्यवस्थित गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २६(२) तथा दफा ११(य) बमोजिम परिषदको मिति २०७१ आषाढ २५ को १८७ औ बैठकले यो कार्यविधि पारित गरि जारी गरेको छ ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, एसिसिए यूके विषय छुट सम्बन्धि कार्यविधि, २०७१" रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'ऐन' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन ,२०५३ सम्झनुपर्छ ।

(ख) 'नियमावली' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स(संसोधन सहित) नियमावली, २०६१ सम्झनुपर्छ ।

(ग) 'संस्था' भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनुपर्छ ।

(घ) 'परिषद' भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको परिषद सम्झनुपर्छ ।

(ङ) 'समिति' भन्नाले ऐनको दफा १३ बमोजिम गठित शिक्षा समिति सम्झनुपर्छ ।

(च) 'कार्यविधि' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, एसिसिए यूके विषय छुट सम्बन्धि कार्यविधि, २०७१ सम्झनुपर्छ ।

(छ) 'आधारभुत तह' भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभुत तह /CAP-I सम्झनुपर्छ ।

(ज) 'मध्यम तह' भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह /CAP-II सम्झनुपर्छ ।

(झ) 'अन्तिम तह' भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह /CAP-III सम्झनुपर्छ ।

(ञ) 'एसिसिए युके' भन्नाले बेलायतको एशोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्सलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

### ३. विषय छुटको सुविधा

३.१ संस्थाले Association of Certified Chartered Accountants (ACCA), UK बाट उक्त संस्थाको अन्तिम तहको परीक्षा उत्तीर्ण गरेको र तालीम प्राप्त गरी सो संस्थाको सदस्यता प्राप्त व्यक्तिलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभुत तह /CAP-I, र चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह/CAP-II को सम्पुर्ण बिषय छुटको सुविधा दिन सक्नेछ ।

### ४.विषय छुटको लागि निवेदन दिने

४.१ कार्यविधि ३ बमोजिम विषय छुटको सुविधा प्राप्त गर्न योग्य व्यक्तिले संस्थामा तोकिए बमोजिमको ढाचामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन पेश गर्दा निम्न बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने छ ।

(क) एसिसिए यूके बाट सो संस्थाको अन्तिम तहको परीक्षा परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङपत्रको प्रमाणित प्रतिलिपि ।
(ख) एसिसिए यूकेको सदस्यता प्राप्त गर्न आवश्यक तालिम सम्पन्न गरेको प्रमाणपत्र
(ग) एसिसिए यूके बाट जारी भएको सदस्यता प्रमाण पत्र
(घ) परिषदले उपयुक्त ठहराएका अन्य कागजातहरु

४.२ निबेदनका साथ CAP-III दर्ता गर्न लाग्ने शुल्क, आवेदन शूल्क र बिषय छुट शुल्क वापतको रकम बुझाई सो को रसिद समेत संलग्न गर्नुपर्नेछ ।

## परिच्छेद ३

### ५. छानविन प्रकृया

५.१ कार्यविधि ४ बमोजिम नाम दर्ता गराउने व्यक्तिको कागजातहरु आवश्यक प्रकृयाको लागि शिक्षा विभाग समक्ष पेश गरिने छ । यसरी प्राप्त हुन आएका कागजात उपर छानविन गरी शिक्षा विभाग ले आधारभुत तह तथा मध्यम तहको सम्पुर्ण बिषय छुट दिने सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

५.२ कार्यविधि ५.१ बमोजिम शिक्षा समितिले गरेको निर्णय सम्बन्धीत व्यक्तिलाई जानकारी गराइनेछ ।

५.३ उपरोक्त बमोजिम छानबिन गर्दा बिषय छुट दिन नमिल्ने देखिएमा दर्ता शुल्क र बिषय छुट शुल्क रकम फिर्ता गरिनेछ ।

## परिच्छेद ४

### ६ नाम दर्ता गराउने

६.१ परिच्छेद ५ बमोजिम शिक्षा समितिले CAP-I र CAP-II को बिषय छुटको सुविधा दिने निर्णय गरेमा त्यस्तो व्यक्तिले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह / CAP-III मा भर्ना हुनको लागि नियमावलीको नियम ३(३) बमोजिम संस्थामा नाम दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद ५

### ७. आवेदन तथा बिषय छुटको शुल्क

७.१ बिषय छुट सम्वन्धी आवेदन शूल्क रु. १,००० (रु. एक हजार) लाग्नेछ ।

७.२ CAP-I र CAP-II का सम्पुर्ण विषयको बिषय छुट शूल्क प्रति बिषय रु. ५,००० (पाच हजार) लाग्नेछ ।

७.३ बिषय छुट शूल्क निर्धारण गर्दा संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको CAP-II तह अध्ययनको लागि गणना गरिने स्नातक तह र ACCA को उपाधी (Degree) हासिल गर्नेहरुले CAP-II तहको बिषयछुटको शूल्क तिर्नुपर्ने र CAP-I तहको अध्ययनको लागि गणना गरिने आवश्यक तहको शिक्षा र ACCA को उपाधी (Degree) हासिल गर्नेहरुले CAP-I र CAP-II दुबै तहको बिषय छुटको शूल्क तिनुपर्ने छ ।

## परिच्छेद ६

### ८. ऐन तथा नियमावली लागू हुने

८.१ यस कार्यविधि बमोजिम CAP-III मा भर्ना भएका व्यक्तिलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययन सम्बन्धी ऐन तथा नियमका अन्य सम्पुर्ण व्यवस्थाहरु यथावत लागु हुनेछ ।

## परिच्छेद ७

### ९. कार्यविधि संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने :

९.१ यस कार्यविधिको संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने अधिकार परिषदमा निहित रहने छ ।